**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ४ गते शुक्रबार ❑ 17 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सङ्घीय संसद्का १२ विषयगत समितिको सभापतिमा मनोनयन दर्ता

**रासस**
काठमाडौं, ३ बैशाख

सङ्घीय संसद्का १२ विषयगत समितिको सभापतिमा मनोनयन दर्ता भएको छ। समिति सभापतिको निर्वाचन कार्यक्रमअनुसार बिहीबार अपराह्न ४:०० बजेसम्म प्रतिनिधिसभाका दश र दुई संयुक्त समितिको सभापतिमा मनोनयन दर्ता भएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो।

प्रतिनिधिसभाको अर्थ समितिको सभापतिमा डा कृष्णहरि बुढाथोकी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुम्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहवर अन्सारी, कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र सार्वजनिक लेखा समितिको सभापतिमा भरतबहादुर खड्काको मनोनयन दर्ता भएको छ।

महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी, पूर्वाधार विकास समितिमा आशिष गजुरेल र कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा अशोक चौधरीले उम्मेदवारी दर्ता गराउनुभएको छ। शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का डा ओजस्वी शेरचन र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गुरुप्रसाद बरालको मनोनयन दर्ता भएको छ।

सङ्घीय संसद्को संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ समितिको सभापतिमा बोधनारायण श्रेष्ठ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति सभापतिमा रास्वपाका गणेश कार्की र नेपाली कम्युनिष्ट पार्टीका सांसद मदनकुमारी शाह (गरिमा)को उम्मेदवारी दर्ता भएको छ।

सङ्घीय संसद् सचिवालयले सभापति उम्मेदवारको मनोनयनसम्बन्धी सूची प्रकाशित गरेको छ। शुक्रबार अपराह्न १:०० बजे बस्ने सम्बन्धित समितिको बैठकमा सभापतिको मनोनयसम्बन्धी प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम रहेको सचिवालयका प्रवक्ता गिरीले जानकारी दिनुभयो।

## 'टाइम म्यागेजिन' को १०० प्रभावशाली व्यक्तिको सूचीमा प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, ३ बैशाख

प्रधानमन्त्री वालेन्द्र शाहलाई 'टाइम म्यागेजिन'ले सन् २०२६ का लागि सार्वजनिक गरेको १०० प्रभावशाली व्यक्तिको सूचीमा समावेश गरेको छ।

म्यागेजिनले ३५ वर्षीय शाहलाई पूर्व 'हिप-हप' कलाकारदेखि नेपालको सबैभन्दा कान्छा प्रधानमन्त्रीसमेत भन्दै उहाँको यात्राबारे चर्चा गर्दै दक्षिण



एसियाली राजनीतिमा नयाँ तरङ्ग ल्याउने व्यक्तिका रूपमा चित्रण गरेको छ। प्रधानमन्त्री शाहको उदय युवापुस्ताको समर्थन र पुराना राजनीतिक दल तथा संरचनाप्रतिको असन्तुष्टिको परिणाम भएको म्यागेजिनले जनाएको छ। काठमाडौँ महानगरपालिकाका प्रमुख रहँदा फोहोर व्यवस्थापन, शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेका सुधारको चर्चा गर्दै प्रधानमन्त्रीको जिम्मेवारीमा शाहप्रतिको नेपाली जनताको विश्वाससँगै प्रभावकारी नेतृत्व निर्वाहको अपेक्षाबारे पनि चर्चा गरिएको छ।

## मुख्यमन्त्रीहरूको गुनासो: कर्मचारी अभावदेखि असहयोगसम्म

**रासस**
काठमाडौं, ३ बैशाख

प्रदेशसरकारकामुख्यमन्त्रीहरूले प्रधानमन्त्री वालेन्द्र शाहसमक्ष प्रदेश सरकारका प्रशासनिक, व्यावहारिक तथा नीतिगत जटिलताबारे गुनासो प्रस्तुत गर्नुभएको छ।

प्रधानमन्त्री शाहसँग बिहीबार भएको छलफलमा उहाँहरूले समान किसिमका समस्या प्रस्तुत गर्नुभएको थियो। त्यस्ता समस्याहरूमा प्रदेशमा कर्मचारी अभाव, समन्वयको कमी र सङ्घीय कर्मचारीको असहयोगजस्ता गुनासा थिए। उहाँहरूले आवश्यक प्रशासनिक समूहका कर्मचारी नपाएको र पठाइएका कर्मचारीबाट अपेक्षित काम हुन नसकेको गुनासो प्रधानमन्त्रीसमक्ष गर्नुभयो। मुख्यमन्त्रीहरूले प्रदेशमा जग्गाको स्वामित्वमा जटिलता, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई प्रदेशमार्फत व्यवस्थापन गर्न सुझाव दिनुभएको थियो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्थानीय कच्चा पदार्थमा आधारित मदिरा उत्पादन तथा 'ब्रान्डिङ'का लागि सङ्घसँग समन्वय गरेर कानुन निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले मनाङ, मुस्ताङ र गोरखाका जमिन नापी तथा स्वामित्वको समस्या, मुस्ताङलाई 'स्याउ जोन' घोषणा गरे पनि स्वामित्व समस्याका कारण उत्पादनमा बाधा, नवलपुरको दुम्कीबास-त्रिवेणी खण्डमा निकुञ्जका कारण सडक नखुल्दा स्थानीयले ४५ किलोमिटर घुम्नुपर्ने बाध्यताबारे प्रधानमन्त्री शाहलाई जानकारी गराउनुभयो।

फेवाताल संरक्षण, अलपत्र बूढीगण्डकी जलविद्युत् आयोजना, घरेलु मदिरा तथा गाँजा खेतीसम्बन्धी कानुन निर्माणको तयारीबारे पनि विषय उठान गर्नुभएको थियो। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सङ्घीय मन्त्रालयका परिपत्रहरूले प्रदेशको संवैधानिक अधिकार कार्यान्वयनमा असर परेको गुनासो राख्नुभयो। उहाँले कर्मचारी अभाव र असहयोगका कारण बजेट कार्यान्वयनमा भएका ढिलाइ, अनुभवी प्रमुख सचिव आवश्यकता, जग्गा प्राप्ति, सार्वजनिक खरिद नियमावली संशोधन, वन ऐनका जटिलता तथा अनुदान र राजस्व बाँडफाँटमा पुनर्विचार गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभयो। त्यसैगरी, २०८० सालको भूकम्प प्रभावित क्षेत्रमा निजी आवास निर्माण, सडक पूर्वाधार विस्तार, सुर्खेत विमानस्थल सञ्चालन तथा उत्तरी सीमामा क्वारेन्टाइन र सुरक्षा व्यवस्था गर्न उहाँले माग गर्नुभयो। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णकुमार यादवले कानुन, प्रशासन र अनुदानसम्बन्धी समस्या साझा रहेको बताउँदै अनुदान कटौती पुनःस्थापनाको माग राख्नुभयो। राजस्व बाँडफाँटमा भूगोल र जनसङ्ख्याको आधार न्यायोचित नभएकाले मधेसमा प्राकृतिक स्रोत अभावबारेको समस्या उठान गर्नुभयो। उहाँले मधेसलाई कृषि निर्भरता, सिँचाइ, मल र बीउको समस्या, 'फिड द नेसन' अवधारणा विकास गरी आर्थिक रूपमा सम्पन्न बनाउन सङ्घीय सरकारलाई सहयोगका लागि आग्रह गर्नुभयो। मुख्यमन्त्री यादवले जनकपुर-अयोध्या जोड्ने 'सीता सर्किट' तथा विमानस्थल विस्तारको प्रस्ताव पनि राख्नुभएको थियो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, वन तथा निकुञ्ज ऐन संशोधन आवश्यक रहेको बताउनुभयो। जङ्गली जनावर र मानव द्वन्द्व, कर्मचारी अभाव, प्रशासनिक जटिलता, सचिव पद रिक्तता, अर्थ मन्त्रालयको परिपत्रका कारण प्रदेश सांसद सहयोगीको तलब भुक्तानीमा ढिलाइजस्ता विषयमा ध्यानाकर्षण गराउनुभयो। सो छलफलमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्री, मन्त्रिपरिषद्को आकार घटाउने तथा शासन प्रणाली सुधारको प्रस्ताव राख्नुभयो। उहाँले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मुस्ताङ भन्सारमा पाँच अर्ब ७३ करोड बढी राजस्व सङ्कलन

**रासस**
काठमाडौं, ३ बैशाख

नेपाल-चीन उत्तरी कोरलानाकास्थित लोमान्थाङ-१ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले पाँच अर्ब ७३ करोड ६१ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

चालु आवको ३१ भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको मुस्ताङ भन्सार कार्यालयले सात महिनाको अवधिमा उक्त राजस्व सङ्कलन गरेको हो।

उत्तरी कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयबाट सात महिनाको अवधिमा रु १२ अर्ब २२ करोड ७६ लाख बराबरको मालवस्तु चीनतर्फबाट आयात भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिनुभयो। यसैगरी नेपालबाट रु २० करोड ५५ लाख बराबरको मालवस्तु चीनतर्फ निर्यात भएको उहाँले बताउनुभयो।

गत साउन र भदौमा रसुवागढी र तातोपानी भन्सार कार्यालय बाढीपहिरोका कारण बन्द हुँदा यहाँको कोरला नाकाबाट आयात/निर्यातमा उभार आए पनि पछिल्लो समय यहाँको भन्सारबाट आयात/निर्यातको परिमाण घटेको भन्सार प्रमुख खड्काले उल्लेख गर्नुभयो।

यहाँको कोरलास्थित मुस्ताङ भन्सार कार्यालयबाट सात महिनाको अवधिमा कोरला नाका हुँदै चीनबाट आयात गरिएका कुल दुई हजार ३४७ वटा विद्युतीय इलेक्ट्रोनिक (इभी) सवारीसाधनको भन्सार जाँचपास भएको छ। यसैगरी, चीनबाट नेपाल भित्रिएका एक हजार ८१८ वटा मालवस्तु ढुवानी गरिएका कन्टेनरहरूको भन्सार जाँचपास भएको हो। नेपालबाट स्वदेशी उत्पादन तथा हस्तकलाका सामग्री लोड गरिएका १३७ वटा मालवाहक कन्टेनरहर मुस्ताङ भन्सार कार्यालयमा जाँचपास भएको कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो। कोरलानाका पूर्ण रूपमा सञ्चालनमा आएपछि यहाँको मुस्ताङ कार्यालयमा आयातनिर्यातको कारोबार चलाएमान भएको थियो। कोरलानाका हुँदै नेपालका व्यापारिक कम्पनीहरूले चीनबाट विद्युतीय सवारीसाधनका साथै लत्तापकडा, कस्मेटिक सामान र इलेक्ट्रोनिक उपकरण आयात गर्दै आएका छन्।

## अटिजमलाई रोग नभई फरक अवस्था भनेर बुझ्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३ बैशाख

विश्व व्यापीरुपमा वालवालिकामा जन्मजातै देखिने अटिजम रोग नभईर फरक अवस्था भनेर बुझ्नु पर्नेमा यहाँ आयोजित एक कार्यक्रम बक्ताहरुले जोड दिएका छन्।

जानकी माध्यमिक विद्यालय पोखरा १७ महतगौडास्थित सञ्चालित अटिजम श्रोत केन्द्रका सहजकर्ता र अभिभावकका लागि शुरु गरिएको अटिजम बुझाई तथा व्यवस्थापन तालिमको उद्घाटन कार्यक्रममा बक्ताहरुले उक्त कुरा बताएका हुन। श्रोत केन्द्रका शिक्षक सहजकर्ता, आया र अभिभावकका लागि तालिम सहित प्रत्येक विद्यार्थीको अटिजमको अवस्थाका वारेमा समेत परिक्षण गरि रिपोर्टको आधारमा उनीहरुको सिकाई र पढाईको व्यवस्था गर्ने तालिमको मुख्य लक्ष्य रहेको प्राधानाध्यापक अर्जुन कडेलले जानकारी




दिनुभयो। पोखरा महानगरपालिका वडा नं. १७ का वडाध्यक्ष राधिका शाही योगीले अटिजम भएका बालबालिकाको समस्या समाधान तथा समावेशी शिक्षाको अधिकार सुनिश्चित गर्न महानगरले अटिजम श्रोत कक्षा सञ्चालन गरिएको बताउनुभयो। कक्षाको निरन्तरताको लागि व्यवस्थापन समिति, शिक्षा र अभिभावक सचेत हुनुपर्नेमा उहाँको जोड थियो।

अटिजम भएका वालवालिकासंग व्यवहार गर्ने तरिका, उनीहरुको आवश्यकता पहिचान गर्ने उपाय तथा घर र विद्यालयमा अपनाउनुपर्ने सहजीकरण विधिका वारेमा प्रशिक्षण दिइने तालिमका प्रशिक्षक प्रिज्मा थापाले जानकारी दिनुभयो। पाँच दिने उक्त तालिममा ५० जनाको सहभागिता रहेको छ। उहाँका अनुसार कर्मचारी र अभिभावकका लागि छुट्टाछुट्टै सत्रमार्फत अटिजम भएका वालवालिकासंग व्यवहार गर्ने तरिका, उनीहरुको आवश्यकता पहिचान गर्ने उपाय तथा घर र विद्यालयमा अपनाउनुपर्ने सहजीकरण विधिबारे प्रशिक्षण प्रदान गरिने छ। सरकार ीस्तरबाट अटिजम सम्वन्धी कक्षा सञ्चालन हुनु विद्यार्थी र अभिभावक दुवैका लागि ठूलो सहयोग भएको बताउँदै उहाँले अटिजम भएका बालवालिकाकालाई कम्तिमा प्रत्येक दिन पाँच घण्टा बिशेष ध्यानसहित अभिभावकको अलग वातावरणमा राख्दा सिकाई प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अटिजम श्रोत केन्द्रका इन्चार्ज कमलप्रसाद आचार्य लगायतले अटिजमका समस्या र समाधानका उपायवारेमा तीनै तहका सरकार जिम्मेवार हुनु पर्ने आवश्यकता औल्याउनुभयो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा रोटरीको १८ औं डिष्ट्रिक्ट कन्फरेन्स सुरु हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ३ बैशाख

पर्यटकीय राजधानी पोखरामा शुक्रबारदेखि रोटरी डिष्ट्रिक्ट ३२९२ को १८ औं डिष्ट्रिक्ट कन्फरेन्स सुरु हुँदैछ । पोखराकै इतिहासमा रोटरीको यो तेस्रो सम्मेलन हो ।

बुलौदीस्थित पोखरा इभेन्ट सेन्टरमा वैशाख ४ देखि ६ गतेसम्म संचालन हुने सम्मेलनले पोखरेलीहरु उत्साहित छन् । नेपाल र भुटानका गरी १५ सय रोटरियनले भाग लिने सम्मेलनले यहाँको आन्तरिक एवं वाह्य पर्यटन व्यवसायमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

बिहीबार पत्रकार सम्मेलनमा डिष्ट्रिक्ट गभर्नर विनोद कोइरालाले आफू पोखराबाटै प्रतिनिधित्व गर्दै गभर्नर भएकाले पनि गृहनगरीमा ऐतिहासिक सम्मेलन गर्न पाउनु सुखद पक्ष भएको बताए । सम्मेलनमा नेपाल, भुटान, अमेरिका, भारत, अष्ट्रेलियाबाट समेत रोटरियन आउने हुँदा पोखराको पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा गरे । उनका अनुसार रोटरीले एक देशमा मात्र सीमित नभइकन ओभर अल नेटवर्कलाई विश्वास गर्छ ।

रोटरीले सामाजिक सेवाअन्तर्गत विद्यालय भवन तथा कम्प्युटर ल्याब निर्माण, खानेपानीका आयोजना, छात्रवृत्ति प्रदान, विपत् व्यवस्थापन एवं राहत समेतमा निःशुल्क सहयोग गर्दै आएको उनले जानकारी दिए । डिष्ट्रिक्ट गभर्नर कोइरालाले भने, 'रोटरी फाउण्डेसनमा नेपालबाट साढे ५ लाख डलर योगदान गर्ने र त्यसवापत १० गुना बढी ल्याएर नेपालमा काम गर्ने हो । हामीहरुले गर्ने प्रोजेक्टमा रोटरियनहरुले नै सहयोग गर्नुहुन्छ । यहाँ आफ्नो विज्ञताको योगदान दिने हो ।'

सम्मेलन सफल पार्न लक्ष्मी थापा गिरीको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । विभिन्न २० उपसमितिले आ–आफ्नो जिम्मेवारीमा रहेर कार्यक्रम सभ्य र भव्य बनाउन लागिपरेको सम्मेलनका मूल समारोह समिति सचिव जयराम पौडेलले बताए । नयाँ वर्ष–२०८३ को सुरुवातसँगै हुने सम्मेलनमा विभिन्न विधामा नेपाल र विदेशका विज्ञहरुबाट रोटरीको सेवा क्षेत्रमा कार्यपत्र प्रस्तुत हुनेछन् । कार्यपत्रमाथि छलफल गरी आगामी दिनमा सेवा अझ विस्तारित बनाउने लक्ष्य छ ।

सम्मेलनको पहिलो दिन उद्घाटन सत्रसहित सामाजिक तथा विभिन्न पेसा व्यवसायमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई भोकेसनल अवार्ड प्रदान गरिनेछ । सम्मेलनको प्रमुख अतिथि रोटरी इन्टरनेशनल प्रेसिडेन्टका प्रतिनिधि राजा गोविदासामी रहनेछन् । दोस्रो दिन रोटरीका विभिन्न कमिटीमार्फत संचालित कार्यक्रमबारे छुट्टाछुट्टै समूहमा छलफल हुनेछ भने अन्तिम दिन रोटा क्वीज एवं आगामी रोटरी बर्ष २०२८/२९ का लागि डिष्ट्रिक्ट गभर्नर निर्वाचन हुनेछ । तीन दिन नै प्यानल डिस्कसनका कार्यक्रम पनि हुनेछन् ।

मूल समारोह समिति संयोजक गिरीले पोखरामा हुने सम्मेलन सफल पार्न मिडियाबाट सकारात्मक समाचार प्रकासन–प्रसारणको अपेक्षा गरिन् । उनको अध्यक्षतामा भएको पत्रकार सम्मेलनको संचालन रोटरीका असिस्टेन्ट गभर्नर एवं सम्मेलन मिडिया को–अर्डिनेटर रवीन्द्र बास्तोलाले गरेका थिए ।

'स्वार्थभन्दा माथि उठेर' सेवा गर्नु रोटरीको मूलनारा हो । गैरराजनीतिक र सेवामूलक अन्तर्राष्ट्रिय सामाजिक संस्था रोटरीको स्थापना सन् १९०५ मा अमेरिकाको शिकागोमा भएको हो । यसका प्रमुख संस्थापक पाउल हेरिस् हुन् । विश्वभर करिब २ सय देशमा सञ्जाल रहेको रोटरीका १२ लाखभन्दा बढी सदस्य छन् ।

भारतको कलकत्ताको रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९० मातहतमा सन् १९५७ देखि रोटरी क्लब अफ काठमाडौं स्थापनासँगै विधिवत् रुपमा नेपालमा रोटरीले प्रवेश पाएको थियो । पछि नेपाललाई रोटरीको छुट्टै स्वायत्त क्षेत्र बनाउने प्रयासमा सन् २००८ मा रोटरी डिष्ट्रिक्ट ३२९२ ले मान्यता पायो । हाल भुटानको एक क्लबसहित नेपालका १ सय ६१ क्लब आबद्ध रहेको रोटरी डिष्ट्रिक्ट ३२९२ मा ५ हजार ७ सय सदस्य आबद्ध छन् । युवा नेतृत्व विकासका लागि १ सय ८० रोट्याक्ट र १ सय ५० इन्ट्याक क्लब पनि क्रियाशील छन् । पोखरामा मात्रै ११ रोटरी क्लब छन् ।

पोखरामा सर्वप्रथम सन् २०१३/१४ मा तत्कालीन डिष्ट्रिक्ट गभर्नर दिलेन्द्रराज श्रेष्ठ र सन् २०१९/२० मा किरणलाल श्रेष्ठको पालामा यस्तैखालको डिष्ट्रिक्ट कन्फरेन्स भएको थियो । यसपालिको सम्मेलनमा भाग लिन १५ सय जना रोटरियनहरु पोखरा आउने क्रम जारी छ । सम्मेलनस्थल पोखरा इभेन्ट सेन्टर निकै सजाइएको छ ।

रोटरी विशेषगरी शिक्षा, खानेपानी, सरसफाइ, विपत् व्यवस्थापन, राहत, वातावरण र सामाजिक तथा आर्थिक विकासमा रोटरी क्रियाशील रहँदैआएको छ । नेपालमा विभिन्न रोटरी क्लबहरुले खानेपानी, अस्पतालमा उपकरण सहयोग, स्कुल भवन, कम्प्युटर ल्याब, एम्बुलेन्स लगायत मानवीय सेवामा समर्पित रहँदै आएको पाइन्छ ।

# क्व्होलासोंथारलाई विश्वसम्पदा सूचीमा दर्ता गराउन माग

पोखरापत्र संवाददाता
पोखरा, ३ बैशाख




तमु प्ये ल्हु सङ्घ हङकङले तमु समुदायको ऐतिहासिक स्थल क्व्होलासोंथारलाई विश्वसम्पदा सूचीमा दर्ता गराउन सरकारसँग माग गरेको छ ।

सङ्घका अध्यक्ष मनबहादुर कोञ्छै तमु नेतृत्वको टोलीले हालै गरिएको क्व्होलासोंथारको भ्रमणपश्चात् बुधबार पत्रकार सम्मेलन गरी भ्रमणको निष्कर्ष सार्वजनिक गर्दै एक हजार २०० वर्षदेखिको इतिहास र महत्वलाई उजागर गर्दै विश्वसम्पदा सूचीमा दर्ता गराउन माग गरेको हो ।

भ्रमण टोलीले यही चैत २५ देखि ३० गतेसम्म कास्कीको ताडतिङ, कर्पुडाँडा, तप्रोखर्क, क्व्होलासोंथार हुँदै सिक्लेससम्मको पदयात्रा गर्दै त्यहाँको धार्मिक तथा ऐतिहासिक महत्वका विभिन्न विषयबारे जानकारी लिएको सङ्घका अध्यक्ष तमुले जानकारी गराउनुभयो । सङ्घले क्व्होलासोंथारमा भएका महत्वपूर्ण सामग्रीहरू हराउँदै गएकाले सम्बन्धित निकायले नीति नियम बनाई संरक्षण गर्नुपर्ने माग गरेको छ । क्व्होलासोंथार भ्रमणमा जाने समयमा आकस्मिक उद्धारका लागि हेलिप्याड निर्माण गर्नुपर्ने, त्यस स्थलको प्रचारप्रसार गर्दै विश्वभरका मानिसलाई आकर्षित गर्नुपर्ने, क्व्होलासोंथार जाने मार्गमा ठाउँठाउँमा खानेपानी, शौचालयजस्ता पूर्वाधार विकास गर्नुपर्ने जनाएको छ । सङ्घका केन्द्रीय महासचिव हर्क गुरुङले क्व्होलासोंथारको ऐतिहासिकता उजागर गर्न सकिएमा त्यो तमु समुदायको मात्रै नभएर राष्ट्रकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास हुने बताउनुभयो । सबैको सामूहिक प्रयासबाट यसको प्रवर्द्धन र विकास गरिनुपर्ने उहाँको भनाइ छ ।

# जनप्रिय क्याम्पसमा पेशागत दक्षताका लागि प्राध्यापकलाई तालिम

पोखरापत्र संवाददाता
पोखरा, ३ बैशाख

उच्च शिक्षाको गुणस्तर सुदृढीकरण र प्राध्यापकहरूको पेशागत दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ पोखराको जनप्रिय बहुमुखी क्याम्पसमा ६ दिने प्राध्यापक पेशागत विकास तालिम सुरु भएको छ । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा सञ्चालित यो सघन प्रशिक्षण कार्यक्रम वैशाख ८ गतेसम्म सञ्चालन हुनेछ ।

तालिमको समुद्घाटन गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि राजेन्द्र पहारीले प्रविधिमैत्री सिकाइले नै वर्तमान समयमा दक्ष जनशक्ति उत्पादन गर्न सम्भव रहेको बताए।उनले यस तालिमबाट आर्जित सीप र ज्ञानले सामुदायिक क्याम्पसहरूको शैक्षिक स्तर उकास्न र विद्यार्थीहरूलाई प्रत्यक्ष लाभ पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले यस किसिमको प्राज्ञिक कार्यक्रम सामुदायिक क्याम्पसहरूका




लागि ऐतिहासिक उपलब्धि भएको उल्लेख गरे । उनले अन्तर क्याम्पस अनुभव आदानप्रदानले समग्र शैक्षिक प्रणालीमा सकारात्मक परिवर्तन ल्याउने बताउँदै सहभागीहरूलाई तालिमको मर्म आत्मसात् गर्न आग्रह गरे । कार्यक्रममा क्याम्पस प्रमुख कृष्णबाबु बरालले तालिमको औचित्यमाथि प्रकाश पार्दै जनप्रिय क्याम्पस सन् २००७ देखि नै विश्वविद्यालय अनुदान आयोगसँगको सहकार्यमा उच्च शिक्षा सुधार अभियानमा सक्रिय रहेको जानकारी दिए । "विद्यार्थी भर्ना दरमा आएको ह्रास र कक्षा छाड्ने समस्याको न्यूनीकरणका लागि प्रभावकारी शिक्षण पद्धतिको विकास अपरिहार्य छ," उनले भने, युजिसीको नेहेप प्रोजेक्ट अन्तर्गत यस प्रदेशकै लिड क्याम्पसको रूपमा हामीले दोस्रो चरणको यो जिम्मेवारी सफलतापूर्वक कार्यान्वयन गरिरहेका छौं । तालिममा द्रव्य शाह बहुमुखी क्याम्पस (गोरखा), गुप्तेश्वर महादेव, पोखरा बहुमुखी, कालिका, जनप्रकाश, कन्या र जनप्रिय बहुमुखी क्याम्पस (कास्की), जनज्योति र आदिकवि भानुभक्त (तनहुँ), कुश्मा बहुमुखी (पर्वत), म्याग्दी बहुमुखी (म्याग्दी), मध्यविन्दु बहुमुखी (नवलपरासी), शान्तिदीप बहुमुखी (बागलुङ) एवं मर्स्याङ्दी बहुमुखी क्याम्पस (लमजुङ) गरी क्युएए प्रत्यायन प्राप्त १४ वटा क्याम्पसका ३० जना प्राध्यापकहरूको सहभागिता रहेको छ। विश्वविद्यालय अनुदान आयोगले प्रति सहभागी ७५ हजार रुपैयाँका दरले कुल २२ लाख ५० हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको तालिम व्यवस्थापन समितिका संयोजक एवं सहायक क्याम्पस प्रमुख नवीनराज खनालले जानकारी दिए । ६ दिनसम्म चल्ने कार्यशालामा आधुनिक शिक्षण दर्शन, नतिजामुखी शिक्षामा आधारित पाठ्यक्रम निर्माण र विद्यार्थी केन्द्रित शिक्षण विधिलाई प्राथमिकता दिइएको छ। डिजिटल पेडागोजी अन्तर्गत आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग, लर्निङ म्यानेजमेन्ट सिस्टम, उच्चस्तरीय अनुसन्धान, शोध निर्देशन, प्राज्ञिक लेखन तथा प्रकाशनका विविध आयामहरूमा सहभागीहरूलाई अभ्यस्त गराइने तालिम एकाइका सदस्य यामकुमार बरालले जानकारी दिनुभयो । उद्घाटन सत्रमा पोखरा बहुमुखी क्याम्पसकी प्रमुख शिशुकला पराजुली, क्याम्पस सञ्चालक समितिकी उपाध्यक्ष नम्रता बराल र इन्जिनियर शारदामोहन काफ्ले लगायतले बोल्दै लामो अवधिको यस्तो 'बुट क्याम्प' तालिमले प्राज्ञिक नेतृत्व र शिक्षण संस्कृतिमा गुणात्मक सुधार ल्याउने विश्वास व्यक्त गरे । क्याम्पस प्रमुख कृष्णबाबु बरालको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रको सञ्चालन तालिम एकाइका सदस्य यामकुमार बरालले गरेका थिए भने उपाध्यक्ष नम्रता बरालले धन्यवाद ज्ञापन गरेकी थिइन् ।

# सहकारीहरू अर्थतन्त्रका बलियो खम्बा – मन्त्री कार्की

पोखरापत्र संवाददाता
पोखरा, ३ बैशाख



गण्डकी प्रदेशका नवनियुक्त कृषि, भुमी ब्यबस्था तथा सहकारी मन्त्री भिम बहादुर कार्कीले सहकारी क्षेत्रलाई अर्थतन्त्रको बलियो खम्बाका रूपमा व्याख्या गर्दै यसको सुदृढीकरणका लागि सरकार र सहकारीबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

सहकारीको समग्र अवस्था, नियामकीय मापदण्डको कार्यान्वय र निर्देशन सम्बन्धमा प्रदेश स्तरीय तालिम तथा अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले सरकारले सहकारीलाई आर्थिक क्षेत्रको एक मुख्य आधार स्तम्भको रुपमा लिएको बताए । पछिल्लो समय सहकारीमा नकारात्मक क्रियाकलाप भएको प्रति चिन्ता व्यक्त गर्दै सबै सहकारी खराब नभएको उनको भनाई थियो । उनले केही सहकारीका कारण सबै सहकारीको आरोप खेप्नुपरेको प्रति चिन्ता व्यक्त गरे । सहकारी क्षेत्र थप व्यवस्थित र मर्यादित बनाउने आफ्नो संकल्प भएको बताउँदै मन्त्री कार्कीले आफुले सबैका सुझाव समेटेर कार्य योजना निर्माण गर्ने र सोही अनुरुपका नीति तथा कार्यक्रम तयार गर्ने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा खगराज शर्माले सहकारी क्षेत्र नेपालको आर्थिक तथा सामाजिक विकासका लागि अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे । उनले ग्रामिण घरपरिवारलाई समेट्दै महिला सशक्तीकरण र सामाजिक रूपान्तरणमा उल्लेखनीय योगदान दिएको बताए । केही सहकारी संस्थामा समस्या देखिएको स्वीकार गर्दै उनले सुशासन र पारदर्शिता सुनिश्चित गर्न सहकारी विभाग र नियमन प्राधिकरणको भूमिका अझ स्पष्ट हुनुपर्नेमा जोड दिए । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको आयोजनामा आजदेखि सुरु भएको प्रदेश स्तरीय अभिमुखीकरणमा गण्डकीका ११ वटै जिल्लाबाट सहकारीका प्रतिनिधिहरुको उपस्थिति रहेको सहकारी रजिस्ट्रारको कार्यालय गण्डकीका प्रतिनिधि भेषराज रिजालले जानकारी दिए । कार्यक्रममा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका विज्ञ सदस्य रमेश प्रसाद चौलागाईले सहकारीका बारेमा बोलेका थिए । दुई दिनसम्म चल्ने तालिममा सहकारीको नियमन व्यवस्था र सहकारीमा सुशासन, सहकारी क्षेत्रमा सुपरिवेक्षण अवस्था, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण, सहकारीमा वित्तिय श्रोत संकलन, लगानी र ऋण असुली सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरणलगायत विषयमा अभिकरण दिइने आयोजकले जनाएको छ ।

# कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अपूर्ण : कांग्रेस

रासस
काठमाडौं, ३ बैशाख

नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन अपूर्ण, एकतर्फी र चयनात्मक रहेको निष्कर्ष निकालेको छ ।

पार्टी सभापति गगनकुमार थापाको सभापतित्वमा चैत २ र ३ गते पार्टीको केन्द्रीय कार्यालय सानेपामा सम्पन्न बैठकले गत भदौ २४ गतेका घटनाको पर्याप्त छानविन नभएकाले उक्त घटनाको पुनःनिष्पक्ष अनुसन्धानका लागि उच्चस्तरीय न्यायिक आयोग गठन गर्न माग गरेको पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो । बैठकमा समसामयिक राजनीतिक अवस्था, अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन, सम्पत्ति छानविन, पेट्रोलियम पदार्थको मूल्यलगायतका विषयमा छलफल भएको प्रवक्ता चालिसेले जानकारी बताउनुभयो । "बैठकले लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, नागरिक सर्वोच्चता, मानव अधिकार तथा प्रेस स्वतन्त्रताजस्ता संविधानमा निहित मूल्यमान्यताप्रति प्रतिबद्ध रहँदै संसदमा प्रमुख प्रतिपक्षको भूमिका प्रभावकारी ढङ्गले निर्वाह गर्ने निर्णय गरेको छ, सरकारका सकारात्मक र कानुनसम्मत काममा सहयोग गर्ने तर लोकतान्त्रिक मूल्यविपरीत कदममा कडा प्रतिवाद गर्ने काङ्ग्रेसको धारणा छ", उहाँले भन्नुभयो । उहाँले काङ्ग्रेसले विधिको शासनलाई लोकतन्त्रको आधार मानेको उल्लेख गर्दै कानुनभन्दा माथि कोही नहुने स्पष्ट पार्नुभयो । मध्यपूर्व सङ्कटका कारण बढेको पेट्रोलियम पदार्थको मूल्यले आमनागरिकको जीवन प्रभावित भएकाले मूल्य घटाउन विभिन्न करमा सहुलियत, भन्सार र अन्य शुल्क घटाउने तथा विद्यार्थीलाई विशेष सुविधा दिन काङ्ग्रेसले सरकारसँग माग गरेको छ । बैठकले भ्रातृ संस्थाहरूको अवस्था अध्ययनसम्बन्धी प्रतिवेदन पारित गर्नुका साथै प्रवासस्थित जनसम्पर्क समितिको प्रतिवेदन अनुमोदन गरेको छ । साथै, क्रियाशील सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण प्रक्रिया अघि बढाउने निर्णय गरेको प्रवक्ता चालिसेले जानकारी दिनुभयो ।

# मुख्यमन्त्रीहरुका..

मन्त्रालयमा सचिव अभाव, प्रदेश मुख्य सचिवको व्यवस्था, फर्पिङ–हेटौंडा सडक विस्तारमा समन्वय, योजनामा दोहोरोपन रोक्न 'डेस्क' स्थापना, उद्योगमैत्री नीति, हेटौंडा सिमेन्ट र कपडा उद्योग सञ्चालनमा सहजीकरण तथा उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न माग गर्नुभयो । मुख्यमन्त्रीहरूको गुनासो र सुझाव सुनेपछि प्रधानमन्त्री शाहले सङ्घीय सरकारको उद्देश्य सातै प्रदेशमा सहजीकरण गर्ने रहेको स्पष्ट पार्नुभयो । उहाँले सहजीकरणमा पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । "पूर्वाधारको बजेट एक प्रदेशलाई मात्र प्राथमिकता दिएर अर्कोलाई पछाडि पार्ने गरी होइन, आवश्यकताअनुसार समान रूपमा वितरण गरिनेछ", प्रधानमन्त्री शाहले भन्नुभयो । छलफलमा मुख्यमन्त्रीहरू बागमती प्रदेशका इन्द्रबहादुर बानियाँ, लुम्बिनीका चेतनारायण आचार्य, गण्डकीका सुरेन्द्रराज पाण्डे, कर्णालीका यामलाल कँडेल र मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थिति थियो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की भने पारिवारिक कारण र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भने स्वास्थ्य समस्याका कारण सहभागी हुनुभएको थिएन ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा–९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१–५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : सिस्ताजन्य सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिङ्ग उत्तेजना नहुने आदी
पाइल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको शल्य उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :–
१. पाइल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हड्डीजोर्नी रोग
१०. पित्तास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

**सम्पादकीय**

# सबैलाई समान रुपमा हेर

राष्ट्रिय स्वतन्त्र पार्टीको दुई तिहाइको सरकारले जे निर्णय गरेपनि जनता प्रतिरोध गर्ने अवस्थामा देखिएका छैनन् । बालेन्द्र साहको सरकारले गरेका जनतालाई अहित हुने निर्णय गर्दा जनताले बिरोध जनाएका छैनन् । पुराना दलहरूलाई बिरोध गरेर उदाएको रास्वपा सरकारले जनतालाई प्रत्यक्ष असर पार्ने निर्णयका बिरोधमा पुराना दल मात्र देखिन्छन् । पुराना दलका युवा र विद्यार्थीपनि वक्तव्यमा मात्र सिमित छन्।विपक्षी पनि सडकमा होइन वक्तव्यमा सिमित भएका छन । विगतमा थोरै मूल्य वृद्धि हुँदा सडक तताएर सरकारलाई निर्णय फिर्ता लिन बाध्य पार्ने युवा, विद्यार्थी पनि यतिखेर विरोधमा सडकमा आउन नसक्ने अवस्थामा आउनु विडम्बना हो ।

मध्यपूर्वमा संकट लम्बिँदै जाँदा त्यसको प्रभाव नेपाली जनताको भान्सा, व्यवसाय, रोजगारी तथा समग्र अर्थतन्त्रमा देखिन थालेको छ । पेट्रोलियम पदार्थ र ग्यासको मूल्य वृद्धि भएको छ । यसले आम नागरिकको दैनिकीमा प्रत्यक्ष असर पार्नुका साथै कृषि क्षेत्रमा उत्पादन लागत बढ्ने, पर्यटन क्षेत्रमा हवाई तथा यातायात सेवामा समस्या आउने,टङ्कारो छ । साना व्यवसाय, निजी क्षेत्र र सेवा क्षेत्रलगायत देशको आन्तरिक एवम् बाह्य अर्थतन्त्रमा बहुआयामिक चुनौतीहरू सिर्जना गरेको छ । यस सन्दर्भमा, केही समयसीमा तोकी सरकारले पेट्रोलियम पदार्थको मूल्य न्यून गर्न निम्न कार्यहरू नगर्न नेपाली काग्रेस सरकारसँग विशेष आग्रह गरेको छ ।

पेट्रोलियम पदार्थको मूल्य वृद्धिका कारण स्वतः बढ्न गएको मूल्य अभिवृद्धि करमा सहुलियत दिई फिर्ता गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता हो । जनतालाई महँगीको मारबाट जोगाउन साविकको करदरमा केही समयका लागि सहुलियत प्रदान गर्नु राज्यको दायित्व हो । पेट्रोलियम पदार्थमा लाग्दै आएका विभिन्न करहरूमा आंशिक रूपमा हटाउने वा घटाउने व्यवस्था अहिले आवश्यक छ उदाहरणका लागि, सशस्त्र द्वन्द्वकालमा क्षति भएका पूर्वाधार पुनर्निर्माणका लागि लगाइएको पूर्वाधार विकास कर हालको सन्दर्भमा औचित्यहीन भइसकेकाले हटाइयोस् । साथै भन्सार, सडक मर्मत तथा सुधार दस्तुर, प्रदूषण नियन्त्रण शुल्क, हरित करलगायतका अन्य करहरू निश्चित अवधिका लागि घटाउने वा हटाउने व्यवस्था गर्न सरकारले सक्दछ ।

हाल पेट्रोलियम पदार्थ आयात गर्दा लाग्ने करका कारण नेपाल आयल निगमले उच्च मूल्यमा खरिद गरी न्यून मूल्यमा बिक्री गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यस अवस्थालाई सम्बोधन गर्न भ्याट फिर्ता वा सहुलियतको स्पष्ट व्यवस्था गर्न आजको माग हुनुपर्छ । पेट्रोलियम पदार्थको मूल्य अत्यधिक बढिरहेको वर्तमान अवस्थामा करका दरहरू समग्र रूपमा पुनरावलोकन गरी घटाउने व्यवस्था गरियोस् भन्ने तर्फ छ साथै, भन्सार र भ्याट बाहेकका अन्य विविध करहरू केही समयका लागि हटाउने वा न्यून गर्ने नीति अवलम्बन गर्न सक्छाविगतमा पनि नभएको होइन । साथै, बढ्दो यातायात खर्चका कारण प्रत्यक्ष प्रभावित हुने विद्यार्थीहरूको सहजताका लागि विशेष सहुलियत प्रदान गर्ने व्यवस्था गरेको छ । जनताको हित सम्झेर निर्णय गर्नु उसप्रतिको समाजले हेर्ने दृष्टिकोणमा फरक आउनेछ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सहयोग मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | व्यापारमा लाभ | वृश्चिक | कार्यमा सफलता |
| मिथुन | झमेला बढ्ने | धनु | सत्कार मिल्नेछ |
| कर्कट | शुभ यात्रा | मकर | अप्रत्यसित लाभ |
| सिंह | स्वास्थ्यमा सुधार | कुम्भ | शारीरिक झमेला |
| कन्या | आर्थिक समस्या | मीन | मानसिक तनाव |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ऋषिङमा दुई पुल निर्माण

पोखरापत्र संवाददाता
दमौली, ३ बैशाख

तनहुँको ऋषिङ गाउँपालिकामा दुई पुल निर्माण सम्पन्न भएका छन् । ऋषिङ-५ र ७ जोड्ने फलामे र ऋषिङ-४ र ७ जोड्ने झोलुङ्गे पुल बनेका हुन् ।

गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले औपचारिक रूपमा दुवै पुलको शुभारम्भ गर्नुहुँदै यसले स्थानीय विकासमा दीर्घकालीन योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । ऋषिङ-५ का वडाध्यक्ष बुद्धिमान रानामगरले एनजिओ नेटवर्क तनहुँमार्फत दुई वटा पुल निर्माण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार फलामे पुलको लागत रु ३२ लाख र झोलुङ्गे पुलको लागत रु ३४ लाख रहेको छ । एनजिओ नेटवर्क तनहुँका महासचिव राजेश्वर हड्खलेले पुल निर्माण पश्चात् विगतमा खोलानाला पार गर्दा भोग्नुपरेको जोखिम हट्ने र वर्षायाममा समेत सहज आवागमन हुने बताउनुभयो । यसअघि स्थानीयले खोलाखोल्सी पार गर्न जोखिमपूर्ण अस्थायी संरचना वा वैकल्पिक लामो बाटो प्रयोग गर्नुपर्दथ्यो ।

पुल सञ्चालनमा आएपछि गाउँबीचको दूरी घट्नुका साथै कृषि उत्पादन ओसारपसार, बजार पहुँच, स्वास्थ्य सेवा तथा शैक्षिक गतिविधिमा सहजता आउने उपभोक्ता समितिका अध्यक्ष केशरबहादुर थापाले जानकारी दिनुभयो ।

# कीर्तिमानी आरोही श्रेष्ठको सगरमाथा मोह

पोखरापत्र संवाददाता
गोरखा, ३ बैशाख



तेह्र दिनमा तीनपटक सगरमाथा आरोहण गरेर 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड'मा नाम लेखाउनुभएकी कीर्तिमानी आरोही पूर्णिमा श्रेष्ठ छैटौं पटक सगरमाथा आरोहण गर्न आधार शिविर पुग्नुभएको छ ।

हाल आफू आधार शिविरमा रहेको र केही दिनमा पहिलो शिविरतर्फ जाने तयारीमा रहेको उहाँले जानकारी दिनुभयो ।

श्रेष्ठ यसअघि विसं २०८१ को वैशाख ३०, जेठ ६ र १२ गते सगरमाथाको सफल आरोहण गर्नुभएको थियो । दुई हप्ताको छोटो अवधिमा तीनपटक सगरमाथा आरोहण गरेपछि गिनिज बुक अफ वर्ल्ड रेकर्डमा उहाँको नामअङ्कित भएको थियो । तेह्र दिनभित्रै तीनपटक सगरमाथा आरोहण गरेर विश्व रेकर्ड कायम गरेको भन्दै सन् २०२४ मा सिएनएन एथ्लेट्सको उत्कृष्ट सूचीमा आफ्नो नाम अङ्कित गरिएको उहाँले जानकारी दिनुभयो । "पहिलो पटक २०७५ जेठमा सगरमाथा आरोहण गरेकी थिए, त्यसपछि २०८२ जेठ ४ गते पाँचौं पटक आरोहण गरेँ", श्रेष्ठले भन्नुभयो । उहाँले आठ हजार मिटरभन्दा अग्ला सगरमाथा, केटु, कञ्चनजङ्घा, ल्होत्से, मकालु, अन्नपूर्ण १, धौलागिरि र मनास्लु हिमाल पटक पटक गरी १४ पटक आरोहण गरेर विभिन्न शीर्षकमा कीर्तिमान कायम गरिसक्नुभएको छ । आरोही श्रेष्ठ गोरखाको आरुघाट गाउँपालिका-९ आरुटार निवासी हुनुहुन्छ ।

# किसानलाई अनुदानमा यान्त्रिक हलो प्रदान

पोखरापत्र संवाददाता
बागलुङ, ३ बैशाख

बडिगाड गाउँपालिकाले किसानलाई ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो प्रदान गरेको छ ।

यान्त्रिकीकरणमार्फत किसानलाई व्यावसायिककृषिमा उन्मुख गराउन यान्त्रिक हलो (मिनीटेलर) प्रदान गरिएको हो ।

मकै प्रवर्द्धन कार्यक्रमअन्तर्गत १९ वटा यान्त्रिक हलो वितरण गरिएको गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले रासससलाई जानकारी दिनुभयो । गाउँपालिकाका आठ वडामा मकै प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेको छ । खनजोत गर्न गोरु र जनशक्ति अभाव भएकाले किसानलाई यान्त्रिक हलो प्रदान गरिएको हो । कम जनशक्तिबाट पनि खनजोत गर्न यान्त्रिक हलो उपयोगी भएकाले यसतर्फ किसानको आकर्षण बढेको उपाध्यक्ष वनले बताउनुभयो ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु छ लाख र किसानको ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो वितरण गरिएको हो । एक हल गोरुले एक दिनभरिमा जोत्न बारीमा यान्त्रिक हलोले दुई घण्टामा जोत्न सकिने हुँदा उत्पादन वृद्धि गर्न मद्दत पुग्ने उहाँले बताउनुभयो ।

# राष्ट्रिय तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि

रासस
काठमाडौं, ३ बैशाख

नेपाल अन्तरराष्ट्रिय तेक्वान्दो महासङ्घ (एनआइटिएफ) को आयोजनामा २५औँ आइटिएफ तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ ।

प्रतियोगितामा एकल स्पाइरिङ, एकल प्याटर्न, ग्रुप स्पाइरिङ, ग्रुप प्याटर्न र सेल्फ डिफेन्स विधामा खेलाडीबीच प्रतिस्पर्धा हुने आयोजक महासङ्घका अध्यक्ष प्रवीणकुमार कार्कीले जानकारी दिए । कूल ३३ स्वर्ण, ३३ रजत र ६६ कास्य पदकका लागि खेलाडीबीच प्रतिस्पर्धा हुनेछ । दुईदिने प्रतियोगितामा सात प्रदेश, नेपाल आर्मी र एपिएफका ३०० खेलाडीको सहभागिता रहनेछ । दुईदिने राष्ट्रिय प्रतियोगिताकै दौरान दोस्रो यु-१५ राष्ट्रिय विद्यालय आइटिएफ तेक्वान्दो प्रतियोगिता पनि हुनेछ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुने प्रतियोगितामा एक सय पचास खेलाडीले २० स्वर्ण, २० रजत र ४० कास्य पदकका लागि प्रतिस्पर्धा गर्नेछन् ।

# स्याउका बोटसेताम्मे

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ बैशाख

यहाँको स्याउ बगैँचासेताम्मे भएका छन् । बगैँचाभित्रको स्याउका बोटहरू फूलेर सेताम्मे हुँदै जान थालेका हुन् ।

स्याउको राजधानीका रुपमा मुस्ताङ परिचित छ । यहाँस्थित कृषि तथा पशु विकास कार्यालयका प्राविधिक सहायक शेरबहादुर रावतले गर्मी बढेसँगैस्याउ बोटहरूमा फूल फुलेर सेताम्मे हुन थालेको बताउनुभयो । स्याउलाई चिलिङ (चिस्यान)को आवश्यकता पर्ने प्राविधिक सहायक उहाँको भनाइ छ । स्याउलाई शीतोष्ण प्रदेशीय फलफूलको राजा भन्ने गरिएको उहाँको भनाइ छ । स्याउको फूल र फल लाग्न ४५ दिनको समय सात डिग्री सेल्सियसभन्दा कम तापक्रमको आवश्यकता पर्ने जनाइएको छ । त्यसपछि स्याउको फूल फुल्ने र फल लाग्ने समयमा तापक्रम न्यूनतम १० डिग्रीदेखि २० डिग्री सेल्सियससम्म तापक्रम आवश्यकता पर्ने प्राविधिक सहायक रावतले उल्लेख गर्नुभयो । मुख्यगरी असोज र कात्तिक महिनामा स्याउको 'पोस्ट हार्भेस्ट' गरिएपछि स्याउ बोटको काँटछाँटलगायत स्याउको बगैँचा व्यवस्था गरेपछि बर्सेनि चैत र वैशाख महिनामा स्याउको फूल फुल्ने प्राविधिक सहायक रावतले जानकारी दिनुभयो । स्याउको गुणस्तर तथा उत्पादन वृद्धिका लागि स्याउ बोटमा फूल फुल्ने बेला पोलिनेशन (परागसेचन) आवश्यकता पर्दछ । स्याउका कतिपय प्रजातिहरू स्वतः प्राकृतिक रुपमा परागसेचन हुने र कतिपय स्याउका जातहरूलाई पर परागसेचनको आवश्यकता पर्ने प्राविधिक सहायक रावतले बताउनुभयो । परागतसेचनका लागि हावार मौरीको भूमिका हुने उहाँले जनाउनुभयो । एक हेक्टर स्याउको क्षेत्रफलमा करिब छदेखि आठ वटासम्म मौरी घारको व्यवस्थापन गर्न सकिएमा स्याउको उपयुक्त ढङ्गबाट परागसेचन भई उत्पादन र गुणस्तर बढाउने जनाइएको छ ।

चालु वर्ष छ/सात पटकसम्म वर्षा र हिमपात भएको भए पनि स्याउ बोटमा फूल फुल्ने बेलामा प्रतिकूल मौसम, वर्षा र हिमपातले असर पुऱ्याउने गर्छ ।

स्याउको फूल फुल्ने समयलाई शीतोष्ण फूलका लागि निकै संवेदनशील समयको रुपमा लिने गरिएको छ । जिल्लाको लोमान्थाङदेखि तल्लो मुस्ताङको थासाङ गाउँपालिका क्षेत्रका स्याउ बगैँचाका बोटहरूमा फूल फुलेर सेताम्मे भइसकेको छ । स्याउको एक स्फरमा सात वटासम्म फूल फुल्ने गर्छ ।

अनाधिकृत स्याउका हाँगाहरूमा फूल फुलेमा प्राविधिकको रुपमा आवश्यक फूलहरू रहने गरी फूललाई स्थापित गर्नुपर्ने कृषि तथा पशु शाखा मुस्ताङले उल्लेख गरेको छ । घरपखोङ-४ जोमसोमका किसान भूपेन्द्र शेरचनले स्याउको फूल फुल्ने बेलामा मौसमले पूर्ण रुपमा साथ दिनुपर्ने बताउनुभयो । स्याउ बोटमा परागसेचन हुने समयमा वर्षा हुने र मौसम हुम्म भएमा स्याउ बोटमा ढुसी पलाएर स्याउको गुणस्तरमा असर पुऱ्याउने किसान उहाँको भनाइ छ । स्याउ बोटमा अझै पूर्ण रुपमा फूल फुल्न एक साता समय लाग्ने उहाँको भनाइ छ ।

यहाँका किसानलाई स्याउखेतीमा अनुदानलगायत किसानलाई स्याउखेतीको बारेमा जानकारी गराएर यहाँका कृषिसँग सम्बन्धित सरकारी निकायहरूले प्रशिक्षित तुल्याउने गरेको उहाँले जानकारी दिनुभयो । जिल्लामा स्याउखेतीका लागिसम्भावना रहेकाले सरकारले स्याउखेतीका लागि खेर गइरहेका सरकारी बाँझो जग्गालाई भाडाको दायरामा ल्याउने नीति बनाउन आवश्यक रहेको किसान उहाँ बताउनुहुन्छ । रोजगार उपलब्ध नहुँदा धेरैजसो युवाहरू विदेश पलायन हुने गरेको जनाउँदै किसान शेरचनले सरकारले सरकारी जग्गालाई नाप नक्सा गरी उपयोगमा ल्याउन सकेमा किसानको आयस्रोतमा वृद्धि हुने र यसबाट सरकारले पनि राजस्व सङ्कलन गर्नमा टेवा पुग्ने बताउनुभयो । जिल्लाका पाँच स्थानीय तहमा गरी स्याउको कूल ८९९.१६ हेक्टर क्षेत्रफलमा स्याउखेती गरिएको छ । यहाँ स्थानीय परम्परागत स्याउ ८३७.१६ हेक्टरमा र इटालीबाट आयात गरिएको उच्चघनत्व प्रविधिको 'हाइब्रिड' स्याउ ६२ हेक्टर क्षेत्रफलमा गरिएको कृषि तथा पशु सेवा शाखाको तथ्याङ्कमा उल्लेख छ । यसमध्ये स्याउको उत्पादनशील क्षेत्र स्थानीय जातका स्याउ ५७२ हेक्टर र 'हाइब्रिड' स्याउ ५५ हेक्टर छ ।

# सोसल पब्लिकमा 'आमाको महत्व' उजागर गर्दै 'कोही किन बर्बाद होस्' मञ्चन

पोखरापत्र संवाददाता
गोरखा, ३ बैशाख

पोखरा महानगरपालिका-गैह्रापाटनस्थित पोखरा थिएटर को गन्धर्व नाटकघर यतिबेला गम्भीर सामाजिक सन्देश बोकेको नाट्य प्रस्तुतिले दर्शक तानिरहेको छ ।

सोसल पब्लिक स्कुलका विद्यार्थीहरूले सुप्रसिद्ध नाटककार विजय मल्ल को कालजयी कृति 'कोही किन बर्बाद होस्' मञ्चन गर्दै आमाबाबुको महत्व, बाल मनोविज्ञान र शिक्षण पद्धतिमाथि गहिरो प्रश्न उठाएका छन् । विद्यालयस्तरका कलाकारहरूले प्रस्तुत गरेको नाटकले विशेषगरी आमाको माया, अभिभावकीय भूमिका र बालबालिकाको भावनात्मक अवस्थालाई केन्द्रमा राख्दै समाजलाई संवेदनशील सन्देश दिएको छ ।

नाटकमा देखाइएको कडा अनुशासन, बेवास्ता र गलत व्यवहारले बालबालिकाको मनोविज्ञानमा पार्ने असरलाई मार्मिक ढंगले प्रस्तुत गरिएको छ । विद्यार्थी कलाकारहरू रोशनी श्रेष्ठ, गुन्जन नेपाली, श्रेयस गुरुङ, प्रतीक गुरुङ, संयोग गुरुङ, एरिजोना मगर, सृष्टि राजबंशी, रचित बसेल र अपिल विकले आफ्नो अभिनयमार्फत पात्रहरूलाई जीवन्त बनाएका छन् । उनीहरूको प्रस्तुति हेर्दा उनीहरू विद्यालयस्तरका कलाकार हुन् भन्ने अनुभूति नै नहुने गरी परिपक्व अभिनय देखिएको दर्शकहरूको प्रतिक्रिया थियो । नाटकले "कोही पनि मान्छे जन्मदै बर्बाद हुँदैन, परि स्थिति र व्यवहारले उसलाई त्यस्तो बनाउँछ" भन्ने सशक्त सन्देश दिएको छ । विशेषगरी आमाबाबुको माया, मार्गदर्शन र समझदारी अभाव हुँदा बालबालिकाको जीवन कस्तो मोडमा पुग्न सक्छ भन्ने पक्षलाई नाटकले प्रभावकारी रुपमा उजागर गरेको छ । सोसल पब्लिक स्कुलका संस्थापक निर्देशक खिम गुरुङ ले विद्यालय शिक्षालाई व्यवहारिक र सिर्जनात्मक बनाउने उद्देश्यले नाटक मञ्चन गरिएको बताउँदै यस्ता गतिविधिले विद्यार्थीहरूको प्रतिभा प्रस्फुटनसँगै जीवन बुझ्ने दृष्टिकोण विकास हुने धारणा राख्नुभयो । अग्रज साहित्यकार सरुभक्त श्रेष्ठ ले यस्ता नाटकहरूले विद्यार्थीहरूलाई समाज, परिवार र आमाबाबुको महत्व बुझाउन ठूलो भूमिका खेल्ने बताउनुभयो। उहाँका अनुसार अहिलेको डिजिटल युगमा पारिवारिक सम्बन्ध कमजोर हुँदै गइरहेको अवस्थामा यस्ता प्रस्तुतिहरू झनै आवश्यक छन् । दुई वर्षअघि मञ्चन भइसकेको यो नाटक पुनः दर्शकमाझ प्रस्तुत गरिएको हो। विद्यालयले यसलाई निरन्तरता दिँदै आगामी दिनमा अन्य सन्देशमूलक नाटकहरू पनि मञ्चन गर्ने योजना बनाएको जनाएको छ ।

उक्त नाटक भोलि र पर्सि पनि गन्धर्व नाटकघरमा मञ्चन हुने आयोजकले जानकारी दिएका छन्, जसले अझ बढी दर्शकलाई यो सशक्त सन्देशसँग जोड्ने विश्वास लिइएको छ ।

**कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०४)

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/११/०५ मा दर्ता भएको प्रा.लि. द. नं. २८४३७२ को मदर सिता इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. कम्पनीको मिति २०८३/०१/०२ मा सम्पन्न भएको विशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ।

दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः
रमेश हरि अधिकारी
इजाजत नं. ५४७ सम्पर्कः ९८०५६७६७१०

# स्याङ्जामा उत्पादित सुन्तला बङ्गलादेश निर्यातको तयारी

रासस
स्याङ्जा, ३ वैशाख

गुलियो, रसिलो र स्वादिलो पहिचान बनाएको स्याङ्जामा उत्पादित सुन्तलाले नेपालीलाई मात्रै नभएर विदेशीलाई पनि आकर्षण गरेको छ । जिल्लाका ९७ वडामध्ये झण्डै ९० वडामा सुन्तला उत्पादन हुँदै आएको छ। सिजनमा देशका ठूला सहरमा सहजै निर्यात हुँदै आएको सुन्तला अब तेस्रो मुलुक निर्यात गर्ने तयारी भएको छ।



स्याङ्जामा उत्पादित सुन्तलाको जानकारी पाएसँगै अवस्था बुझ्न बङ्गलादेशका व्यवसायीहरुको एक टोलीले स्थलगत अध्ययन गरेको छ । अर्जुनचौपारी गाउँपालिका र वालिङका नगरपालिकाका अधिक सुन्तला उत्पादन हुने स्थानको स्थलगत अध्ययन र अवलोकन गरेको व्यवसायीको टोली स्थानीय कृषकले उत्पादन गरेका सुन्तलाबाट निक्कै प्रभावित भएका छन् । आउँदो सिजनबाट जिल्लामा उत्पादित सुन्तला बङ्गलादेशका उपभोक्ता समक्ष पुर्‍याउने अभियानमा जुटेको स्थानीय अगुवा कृषक फणिनारायण अर्यालले बताए । एक दशक पहिले आफूले सुन्तला बङ्गलादेश पठाएको जानकारी दिँदै अर्जुनचौपारी गाउँपालिका-१ थापथोकस्थित त्रिपुर बागवानी कृषि फार्मका सञ्चालक अर्यालले आगामी दिनमा सहज रुपमा निर्यात गर्न सकिनेमा विश्वस्त देखिए ।

'तेस्रो मूलुकको रुपमा बङ्गलादेशमा नेपाली सुन्तलाको राम्रो माग छ । तर, हालसम्म सहज रुपमा निर्यात गर्न सकिएको छैन।' अगुवा कृषक अर्यालले भने, 'हेफर नेपाल र हेफर बङ्गलादेशको सहकार्यमा आउँदो दिनमा सहज रुपमा निर्यात गर्ने विश्वास र आधार तयार भएको छ।' हेफर परियोजना (प्रोजेक्ट) नेपाल र हेफर परियोजना (प्रोजेक्ट) बङ्गलादेशको सहकार्यमा जिल्लाको सुन्तला बङ्गलादेश लैजाने तयारी गरिएको अर्यालले जानकारी दिए।

सुन्तला उत्पादन र वातावरणको वास्तविक अवस्था अनुगमन गर्न बङ्गलादेशको व्यवसायीको टोली जिल्लाका विभिन्न स्थानमा पुगेको थियो । अर्जुनचौपारी गाउँपालिका तथा वालिङ र गल्याङ नगरपालिकाका विभिन्न स्थानमा पुगेको टोलीले सुन्तला उत्पादन र उत्पादन प्रक्रियाको अवस्थाका बारेमा गहिरो अध्ययन गरेको छ।

व्यवसायीहरुको टोली लिएर नेपाल आएका हेफर बङ्गलादेशका कार्यक्रम प्रवन्धक आशिक एकबालले आगामी वर्ष स्याङ्जाको सुन्तला बङ्गलादेशका उपभोक्ता समक्ष पुर्‍याउने योजना रहेको सुनाए । हेफर परियोजना लागू भएका पालिकाहरुसँगको सहकार्यमा सुन्तलाको बजारीकरण र निर्यातको काम गरिने उनको भनाइ छ । स्याङ्जाको सुन्तलाले आफूहरुको ध्यान तानेको बङ्गलादेशका व्यवसायी गाजी ताउहिदुर रहमानले बताए । आवश्यक प्रक्रिया पुरा गरेर आउँदो सिजनबाट सुन्तला आफ्नो देशमा लैजाने तयारीमा जुटेको उनले जनाए । सुन्तला उत्पादनका लागि उत्कृष्ट वातावरण रहेको बताउँदै रहमानले उचित भण्डारणको आवश्यकता औल्याए । बङ्गलादेशमा अचार तथा फलफूलको व्यवसाय गर्दै आएका अर्का व्यवसायी सोहिल अमनले नेपालको सुन्तलाको चर्चा धेरै सुनेको भन्दै प्रत्यक्ष अनुगमनबाट आफूहरु उत्साहित भएको जानकारी दिए ।

स्याङ्जाको वालिङ, भीरकोट र गल्याङ नगरपालिका तथा कालीगण्डकी गाउँपालिकामा स्थानीय पालिकाहरुको सहकार्यमा हेफर परियोजनाले उत्पादन र उत्पादकत्व वृद्धिको काम गर्दै आएको छ। परियोजना सञ्चालन भएका पालिकासँगको सहकार्यमा सुन्तलाको बजारीकरणसँगै अन्तर्राष्ट्रियस्तरमा निर्यात गरिने हेफर परियोजना नेपालका बजार विकास प्रमुख डाक्टर राजकुमार अधिकारीले जनाए । यसैबीच वालिङमा विभिन्न सुन्तला उत्पादक महिला स्वावलम्वी समूहमार्फत सामुहिक रुपमा बजारीकरणको काम गर्दै आएका छन् । उनीहरुले सुन्तला जोखेर बेच्ने अभियानलाई अगाडि बढाएका हुन् । जसको कारण बगैचा नै ठेक्का लिने सुन्तला व्यवसायीहरु अब सुन्तला जोखेर बेचबिखन गर्न थालेका हुन् । वालिङ नगरपालिका, हेफर इन्टरनेशनल नेपाल र स्थानीय दियालो संस्थाको सहकार्यमा वालिङमा सुन्तला उत्पादन तथा बजारीकरणका काम हुँदै आएको नगरप्रमुख कृष्ण खाँणले जानकारी दिए।

यसैगरी स्याङ्जामा गएको सिजनमा एक अर्ब ३२ करोड भन्दा बढी मूल्यको सुन्तला उत्पादन भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीले दिएको जानकारी अनुसार जिल्लामा गएको वर्ष कुल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । उत्पादित सुन्तला थोकमा प्रतिकिलो ५७ रुपैयाँका दरले बिक्री वितरण भएको थियो।

अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो। विगतका वर्षहरुको तुलनामा उत्पादनमा समेत वृद्धि हुने अनुमान गरिएको छ । जिल्लामा सुन्तलाका सयौ बगैंचा छन् भने हजारौ कृषकले सुन्तला उत्पादन गर्दै आएका छन्।

# ३० लाख बढीको आलु कारोवार

पोखरापत्र संवाददाता
पोखरा, ३ वैशाख




१४ औं राष्ट्रिय हेमजा आलु महोत्सव अन्तर्गत आइहदाँ त्यहाँ आलु तथा अन्य सामाग्री किन्नेहरुको संख्यामा वृद्धि भएको छ।

महोत्सवको ७ औं दिन बिहीबारसम्म करिव ७५ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेकोमा ६ हजार बढी घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक अर्जुन कार्कीले जानकारी दिए । जसमध्ये प्रति घरपरिवारले सबैभन्दा कम १ केजी देखि बढीमा २ हजार १ सय केजीसम्म आलु किनी लगेको कार्कीको भनाई छ। त्यस्तै अन्य व्यापारिक स्टलहरुबाट समेत सामाग्री खरिद गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। विशेष गरी घरयासी सामाग्री किन्नेको संख्या त्यहाँ बढी छ। त्यहाँ आलुको परिकारको एउटा स्टलका अलवा कृषितर्फ ३० तथा १ सय बढी व्यापारिक स्टल छन्।

महोत्सवमा उल्लेख्य कारोवार भइरहेको कुमाल कृषि तथा पशुपन्छी फार्म रुपा ३ की प्रोप्राइटर समेत रहेकी जिल्ला समन्वय समिति कास्की उपप्रमुख सरिता कुमालले बताइन् । उनले त्यहाँ स्थानीय अनदी, मार्सी चामल, चिउरा लगायतका सामाग्री बेच्दै आएकी छन् ।

सबै स्टलबाट व्यापार राम्रै भइराखेको छ, हामीहरु उनीहरुको निरन्तर सम्पर्कमा पनि छौं, आज बिहीबार साँझसम्म गरी ३ करोड बढीको कारोवार भएको अनुमान छ, पक्कै पनि यो हामी सबैका लागि खुशीको कुरा हो, आयोजक विष्णुपादुका क्लवका अध्यक्ष बसन्तकुमार श्रेष्ठले भने। त्यहाँ आलु खरिद गर्नकै लागि पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, स्याङ्जा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन् । बिहीबार साँझसम्म ३० लाख बढीको आलु कारोवार भएको छ । त्यहाँ प्रतिकेजी रु.३५ मा आलु बिक्री गरिएको छ। हेमजाका निलो आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि स्वादिलो र मिठो हुने भएकाले अधिकांश उपभोक्ताको रोजाईमा पर्ने गरेको छ ।महोत्सव बाहेक हेमजाका अन्य ठाउँहरुबाट समेत यतिवेला आलु लगायत कृषि उपजको बिक्रीवितरण भइरहेको छ । महोत्सवमा बिहीबार कलाकारहरु श्याम राना, तारापति सुवेदी, पार्वती जिसी, लक्ष्मी नेपाली सुरेश थापा, गंगा परियार लगायतका प्रस्तुतिहरु रहे। त्यस्तै दिदीबहिनी आमा समूह पोखरा २३, हेमजा स्थित खुड्डागौंडा लामाचौतारा आमा समूह, तिब्रेकोट आमा समूह र दहरे देउराली आमा समूहले रत्यौली प्रतियोगिता अन्तर्गत आआफ्ना प्रस्तुति पनि राखे।

कन्सर्टतर्फ सम्भोज मल्ल, आस्ता लोहोनी र सुवाश गुरुङ एवम् नृत्यतर्फ सोनियाँ केसी, प्रदिप सुनार, सबनम केसी र जोयल अधिकारीले आफू नाच्दै दर्शकलाई पनि नचाए। बिहीबार दिउँसोसँगै परेको झरीले महोत्सवमा केही प्रभाव समेत पार्यो। झरीका बीच छाता ओढेरै भएपनि महोत्सवलाई दर्शकले साथ दिए । महोत्सव अन्तर्गत शुक्रबार त्यहाँ कलाकारहरु एलिना चौहान, चोलेन्द्र पौडेल, सुरेशरमण अधिकारी, विष्णु ढुङ्गाना, विनिता क्षत्री लगायतका प्रस्तुत रहने महोत्सव मूल आयोजक समितिका सचिव विपीन पौडेलले जानकारी दिए। यही चैत २७ बाट सुरु महोत्सव बैशाख ५ गतेसम्म चल्नेछ।

# घरमै पुगेर राहदानी वितरण गर्न थालियो

रासस
म्याग्दी, ३ बैशाख

म्याग्दीमा सेवाग्राहीको घरमै पुगेर राहदानी वितरण गर्न थालिएको छ । जिल्ला प्रशासन कार्यालयले हुलाक कार्यालयका कर्मचारीमार्फत घरमै पुगेर राहदानी उपलब्ध गराउन थालेको हो।



नेपाल सरकारले अघि सारेको शासकीय सुधारका एक सय सूचीमध्ये २७ नम्बर बुँदामा उल्लेख भएको घरमै राहदानी उपलब्ध गराउने घोषणालाई कार्यान्वयन सुरु गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बताउनुभयो । "सरकारी सेवा घरमै उपलब्ध गराउने सरकारको नीतिअनुसार बुधबारदेखि काम सुरुआत गरेका छौँ," उहाँले भन्नुभयो, "हुलाक कार्यालयमार्फत राहदानीलाई घरमै पुगेर उपलब्ध गराउन कामलाई निरन्तर जारी राख्ने छौँ ।" पहिलो दिन बेनी नगरपालिका-२ का चार र वडा नम्बर ६ का दुई जनालाई घरै पुगेर राहदानी उपलब्ध गराइएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताउनुभयो। बेनी नगरपालिका-२, ज्यामरुककोटको बिमिरावोटका सरस्वती घिमिरे थापाको घरमा पुगेर प्रजिअ आचार्य, जिल्ला हुलाक कार्यालयका प्रमुख रमेश थापा र वडाध्यक्ष यामबहादुर कार्कीले राहदानी हस्तान्तरण गरी सेवाको शुभारम्भ गर्नुभएको हो। यस्तै, कृषा थापा क्षेत्री, सरस्वती घिमिरे थापा, कियान थापा क्षेत्री र करिस्मा थापा क्षेत्रीले आफ्नै आँगनमा राहदानी प्राप्त गर्नुभएको छ । यसअघि राहदानी लिन सदरमुकाम बेनीसम्म धाउनुपर्ने बाध्यता रहेकामा अब घरमै कागजात प्राप्त हुने भएपछि सेवाग्राहीको समय र खर्च दुवै बचत हुने विश्वास गरिएको छ।

घरमै राहदानी प्राप्त गरेपछि सेवाग्राहीहरू निकै खुसी भएका थिए । सेवाग्राही सरस्वतीले भन्नुभयो, "पहिले राहदानी लिन बेनी जाँदा दिनभरको समय र गाडीभाडा खर्च हुन्थ्यो । अब घरमै सेवा पुगेपछि दुवै समस्याबाट मुक्ति मिलेको छ । सरकारप्रति भरोसा जागेको छ । यो सेवाले सरकारी सेवा प्रवाहलाई अझ सहज, प्रभावकारी र नागरिकमैत्री बनाउने अपेक्षा गरेका छौँ ।"

# प्रभावकारी बन्दै बन्दीपुर अस्पतालको ओपिडी सेवा

पोखरापत्र संवाददाता
तनहुँ, ३ बैशाख

तनहुँको बन्दीपुर अस्पतालबाट एक वर्षको अवधिमा २४ हजारभन्दा बढी नागरिकले स्वास्थ्य सेवा लिएका छन् । अस्पतालले बिहान ७:०० देखि बेलुकी ८:०० बजेसम्म सञ्चालन गरेको विस्तारित बहिरङ्ग (ओपिडी) सेवा सञ्चालनपछि यहाँ आउने नागरिकलाई उपचारमा सहज भएको हो।

अस्पतालको वार्षिक प्रतिवेदनअनुसार वैशाखदेखि चैत मसान्तसम्म कुल २४ हजार ३०४ जनाले ओपिडी सेवा लिएका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अनील गिरीले जानकारी दिनुभयो।

विसं २०८२ वैशाख १ गतेदेखि सुरु गरिएको यस सेवाको एक वर्ष पूरा भएको अवसरमा अस्पतालले सार्वजनिक गरेको वार्षिक तथ्याङ्कअनुसार नियमित समयभन्दा अतिरिक्त समयमा सेवा लिनेहरूको आकर्षण उल्लेख्य छ । तीमध्ये ५२ दशमलव ९९ प्रतिशत सेवाग्राहीले नियमित समयमा र ४७ दशमलव शून्य एक प्रतिशतले अतिरिक्त समयमा सेवा लिएका मेडिकल सुपरिटेन्डेन्ट डा गिरीले जानकारी दिनुभयो । कार्यालय समयमा ध्याउन नसक्ने कर्मचारी, विद्यार्थी, मजदुर, व्यापारी र गृहिणीहरूका लागि यो सेवा 'वरदान' साबित भएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "एक वर्षको यो यात्रा हाम्रा लागि निकै उत्साहजनक छ । अस्पतालको ओपिडी सेवालाई बिहान ७:०० देखि बेलुकी ८:०० बजेसम्म विस्तार गर्ने हाम्रो लक्ष्य नागरिकको पहुँचमा पुगेको पुष्टि वार्षिक तथ्याङ्कले गरेको छ।"

सेवाग्राहीको चापलाई हेर्दा अब यो सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लैजानुपर्ने देखिएको छ। तथ्याङ्कअनुसार असोज र कात्तिक महिनामा अतिरिक्त ओपिडी सेवा लिनेको सङ्ख्या अन्य महिनाको तुलनामा बढी हो । अस्पतालले कार्यालय खुल्ने दिन बिहान ७:०० देखि १०:०० बजेसम्म र दिउँसो २:०० देखि बेलुकी ८:०० बजेसम्म तथा सार्वजनिक बिदा र शनिबारका दिन बिहान ७:०० देखि बेलुकी ८:०० बजेसम्म सेवा प्रदान गर्दै आएको छ । आकस्मिक विभागको तथ्याङ्कबाहेकको यो विवरणले स्थानीय तहमा स्वास्थ्य सेवालाई सहज र पहुँचयोग्य बनाउन बन्दीपुर अस्पतालले सुरु गरेको यो अभ्यास जिल्लामै उदाहरणीय बन्दै गएको छ । विस्तारित ओपिडी सेवाले कार्य व्यस्तताका कारण स्वास्थ्य परीक्षणबाट वञ्चित रहनुपर्ने बाध्यतालाई अन्त्य गर्दै नागरिकको स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गरेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो।

# फेवाताल किनार क्षेत्रमा पदयात्रा, योग र हाइकिङ जस्ता गतिविधि गर्दै मनाइयो अन्तर्राष्ट्रिय आरोग्य दिवस

पोखरापत्र संवाददाता
पोखरा, ३ बैशाख

पोखरामा "अन्तर्राष्ट्रिय आरोग्य दिवस २०२६" विविध कार्यक्रम सहित मनाइएको छ । गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयको आयोजनामा, पोखरा पर्यटन परिषद्को समन्वय तथा टान गण्डकी प्रदेशको सह-आयोजनामा स्वास्थ्य, पर्यटन र वातावरणलाई जोड्ने उद्देश्यले पदयात्रा, सरसफाइ तथा सामूहिक ध्यान-योग कार्यक्रम सम्पन्न गरिएको हो।

नयाँ वर्ष २०८३ को सुरुवातसँगै मनाइएको दिवसमा "आरोग्य जीवनको आधारः पदयात्रा, प्रकृति र सकारात्मक विचार" भन्ने नाराका साथ ड यामसाइडबाट सुरु भएको पदयात्रा भ्यू फेवा राउण्ड फेवा पदमार्ग हुँदै अनदुसम्म पुगेको थियो। पदयात्राका क्रममा सहभागीहरूले ट्रेल क्लिनिङ गर्दै पदमार्गमा रहेका फोहोर संकलन गरी वातावरण संरक्षणको सन्देश दिएका थिए।

कार्यक्रमअन्तर्गत रानीवन तथा फेवाताल किनारस्थित खुला क्षेत्रमा करिब १०० जनाको सहभागितामा एक घण्टा लामो सामूहिक योग तथा ध्यान सत्र सञ्चालन गरिएको थियो। प्रकृतिसँग एकाकार हुँदै गरिएको ध्यान-योगले सहभागीहरूलाई मानसिक शान्ति र सकारात्मक ऊर्जा प्रदान गरेको उनीहरूको अनुभव थियो। कार्यक्रमपछिको औपचारिक समारोहमा गण्डकी प्रदेशका पर्यटन मन्त्री मित्रलाल बस्यालले आरोग्य नै समृद्ध जीवनको आधार भएको उल्लेख गर्दै पोखरालाई वेलनेस टुरिज्मको प्रमुख गन्तव्यका रूपमा विकास गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा प्रदेश सभा सदस्य सुदीप पौडेल, पोखरा महानगरपालिका वडा नं २२ का अध्यक्ष हिमलाल बराल, पोखरा भ्रमण वर्ष २०२५/०२६ का संयोजक गोपी बहादुर भट्टराई पर्यटन सम्बद्ध विभिन्न संघ-संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, स्थानीय युवा क्लब तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमको अन्त्यमा सहभागीहरू अनदुबाट डुंगा मार्फत फेवातालको अवलोकन गर्दै गौरीघाट पुगेका थिए, जहाँ सामूहिक दिवा भोजनको व्यवस्था गरिएको थियो।

यस कार्यक्रममार्फत पोखरालाई आरोग्य पर्यटनको गन्तव्यको रूपमा स्थापित गर्ने अभियानको औपचारिक सुरुवात गरिएको आयोजकले जनाएको छ। पोखरामा "अन्तर्राष्ट्रिय आरोग्य दिवस २०२६" विविध कार्यक्रम सहित मनाइएको छ गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालयको आयोजनामा, पोखरा पर्यटन परिषद्को समन्वय तथा टान गण्डकी प्रदेशको सह-आयोजनामा स्वास्थ्य, पर्यटन र वातावरणलाई जोड्ने उद्देश्यले पदयात्रा, सरसफाइ तथा सामूहिक ध्यान-योग कार्यक्रम सम्पन्न गरिएको हो।

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०४)

**कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०७/०३ मा दर्ता भएको प्रा.लि. द. नं. २७५००८ को लाजिम ईन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. कम्पनीको मिति २०८३/०१/०२ मा सम्पन्न भएको विशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ।**

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः**
**मनिराम नेपाल**
**इजाजत नं. ५४२ सम्पर्कः ९८५१०८९१८३**